# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-९ सङ्ख्या-१२ सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०८२/१०/०२

## भाग-२

**सुनकोशी गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०८२

**प्रस्तावना** : नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र मन्त्रीपरिषद्वारा स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित स्थानीय तहले आम नागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने जिम्मेवारी वहन गर्ने प्रयोजनका लागि सरकारी, निजी, सामुदायिक, गैह्रसरकारी वा सरकारी स्तरमा स्थापना हुने स्वास्थ्य सेवा विस्तार, स्तरवृद्धि, स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रदान गर्ने प्रक्रियालाई सरल, सहज, व्यवस्थित तथा प्रभावकारी बनाउन वाञ्छनीय भएकोले,

सुनकोशी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी सुनकोशी गाउँ कार्यपालिकाले देहायको निर्देशिका बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम " **स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नवीकरण सम्बन्धी निर्देशिका, २०८२**" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अनुगमन समिति" भन्नाले गाउँपालिकाले गठन गर्ने अनुसूची-१ बमोजिमको समिति सम्झनु पर्छ ।

(ख) "अनुमति प्रदान गर्ने निकाय" भन्नाले दफा ३ मा उल्लिखित अनुमति प्रदान गर्ने निकाय सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, स्वास्थ्यसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ ।

(घ) "प्रादेशिक स्वास्थ्य संरचना" भन्नाले प्रदेशमा रहने स्वास्थ्य क्षेत्र हेर्ने मन्त्रालय वा विभाग सम्झनु पर्छ।

(ङ) "अस्पताल" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम सस्थापित सरकारी अस्पताल, निजी अस्पताल, नर्सिङ्ग होम, सामुदायिक अस्पताल, गैरसरकारी अस्पताल वा सहकारी अस्पताल सम्झनु पर्छ।

(च) "आयुर्वेद अस्पताल" भन्नाले आयुर्वेद चिकित्सा पद्धतिमा आधारित भई स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद चिकित्सा पद्धतिबाट उपचार गर्ने गरी सञ्चालन गरिएका नर्सिङ्ग होम, पोली क्लिनिक, पञ्चकर्म अस्पताल समेतलाई जनाउँछ।

(छ) "गैरसरकारी अस्पताल" भन्नाले मुनाफारहित उद्देश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ।

(ज) "डाईग्नोस्टीक सेन्टर" भन्नाले निदानात्मक सेवाहरु जस्तै प्रयोगशाला सेवा, रेडियो इमेजिङ जस्ता सेवाहरु प्रदान गर्न कानून बमोजिम दर्ता भई स्वास्थ्य सेवा सञ्चालन गर्ने संस्थालाई सम्झनु पर्छ।

(झ) "निजी अस्पताल वा नर्सिङ्गहोम" भन्नाले स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले प्रचलित कम्पनी कानून बमोजिम स्थापना भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त निजी असपताल वा नसिंङ्गहोम सम्झनु पर्छ।

(ञ) "पोली क्लिनिक" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई एकै संस्थाबाट कम्तिमा पाँच वटा सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजियोथेरापी, परिववार नियोजन, खोप सेवा जस्ता बहुसेवा उपलब्ध गराउने संस्थालाई सम्झनु पर्छ।

(ट) "कन्सल्टेन्ट" भन्नाले सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर उतिर्ण वा डिप्लोमा प्राप्त गरेका वा तोकिए बमोजिमका विशेषज्ञ तालिम प्राप्त गरी सम्बन्धित काउन्सिलमा दता भएका विशेषज्ञ चिकित्सक सम्झनु पर्छ।

(ठ) "सरकारी अस्पताल" भन्नाले नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व रहने गरी सार्वजनिक हितका लागि स्थापना भएका वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनु पर्छ ।

(ड) "सहकारी अस्पताल" भन्नाले सहकारीको सिद्धान्त बमोजिम सदस्य समेतलाई स्वास्थ्य सेवा दिने उद्देश्यले सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायवाट स्वास्थ्य सेवा सञ्चालन गर्ने अनुमति प्राप्त असपताल सम्झनु पर्छ।

(ढ) "सामुदायिक अस्पताल" भन्नाले सम्बन्धित सरकारी निकायमा संस्था दर्ता भई सामुदायिक लगानी र व्यवस्थापनमा सञ्चालन हुने गरी मुनाफारहित उद्देश्य लिई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ।

(ण) "स्वास्थ्य क्लिनिक" भन्नाले कुनै पनि व्यक्तिलाई स्वास्थ्य सम्बन्धी जांच गर्ने, उपचार सम्बन्धी आवश्यक परामर्श, एक स्थानबाट पाँचवटा भन्दा कम सेवा जस्तै बहिरङ्ग सेवा, प्रयोगशाला, रेडियो ईमेजिङ्ग, फिजियोथेरापी, खोप सेवा, परिवार नियोजन जस्ता सेवा उपलब्ध गराउनका लागि प्रचलित कानून बमोजिम दर्ता भएका संस्थालाई सम्झनु पर्छ र सो शब्दले निजी क्लिनिक, आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा समेतलाई जनाउँदछ।

(त) "स्वास्थ्य संस्था" भन्नाले प्रलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त असपताल, पोली क्लिनिक, प्रयोगशाला जस्ता सेवाहरु सञ्चालन गर्ने संस्था सम्झनु पर्छ र सो शब्दले आयुर्वेद अस्पताल समेतलाई जनाउँछ।

(थ) "संस्था दर्ता गर्ने निकाय" भन्नाले यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा सञ्चालन अनुमति लिनु पूर्व प्रचलित कानून बमोजिम स्वास्थ्य संस्था दर्ता गर्ने निकाय सम्झनु पर्छ।

(द) "गैह्र सरकारी अस्पताल" भन्नाले मुनाफा रहित उद्देश्यले स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि प्रचलित कानून बमोजिम दर्ता भई अनुमति प्रदान गर्ने निकायबाट स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त अस्पताल सम्झनु पर्छ।

(ध) "भवन संहिता" भत्ताले भवन ऐन, २०५५ को दफा ३ को उपदफा (२) बमोजिम नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहिता सम्झनु पर्छ।

(न) "भवन निर्माण मापदण्ड" भन्नाले भवन निर्माण सम्बन्धी मापदण्ड, २०६४ मा उल्लेखित मापदण्ड सम्झनु पर्छ र सो शब्दले स्वास्थ्य सम्बन्धी भवनको लागि छुट्टै मापदण्ड नभएको स्थानको हकमा अनुसूची-२ मा उल्लेखित भवन निर्माण मापदण्ड समेतलाई जनाउँछ ।

## परिच्छेद-२
## स्वास्थ्य सेवा सञ्चालन अनुमति प्रक्रिया

३. **स्वास्थ्य सेवा सञ्चालन गर्ने निकायहरु** : (१) देहाय बमोजिमका स्वास्थ्य संस्थाको स्थापना, सेवा विस्तार वा स्तरोन्नती गर्न देहायका निकायले अनुमति दिन सक्नेछ :-

(क) स्वास्थ्य क्लिनिक, डाईग्नोष्टिक सेन्टर, पोली क्लिनिक तथा पच्चीस शैया सम्मका जनरल अस्पतालका लागि सम्बन्धित गाउँपालिकाको कार्यपालिकाको निर्णय अनुसार।

(ख) आयुर्वेद तथा अन्य वैकल्पिक चिकित्सासँग सम्बन्धित स्वास्थ्य संस्थाहरुका हकमा दश शैया सम्मका अस्पतालका लागि बलेफी कार्यपालिकाको निर्णय अनुसार।

(ग) पच्चिस शैया देखि माथिका अस्पतालहरु र विशेषज्ञ अस्पताल दर्ता गर्नको लागि सम्बन्धित गाउँपालिकाको कार्यपालिकाको सिफारिसमा प्रादेशिक स्वाध्य संरचना वा मन्त्रालयबाट।

(घ) गाउँपालिकाको कार्यपालिकामा स्वास्थ्य संस्था दता वा स्तरोन्नती भए पछि सोको विवरण तोकिएको ढाचाँमा प्रादेशिक स्वास्थ्य संरचनालाई दिनु पर्ने छ।

४. **पूर्वाधार निर्माण मनसाय पत्रका लागि निवेदन दिनुपर्ने** : (१) यस निर्देशिका बमोजिम स्वास्थ्य संस्थाको स्थापना, स्वास्थ्य सेवा विस्तार वा स्तरोन्नती गरी स्वास्थ्य सेवा सञ्चालन गर्न इच्छुक स्वास्थ्य संस्थाले

आवश्यक पूर्वाधार निर्माण गर्ने प्रयोजनका लागि अनुसूची-३ बमोजिमका ढाँचामा मनसाय पत्रका लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले निवेदन प्राप्त भएको पन्ध कार्यदिन भित्र देहायका विवरणहरु परीक्षण गर्ने प्रयोजनका लागि अनुगमन समिति खटाउन सक्नेछ :-

(क) प्रस्तावित स्वास्थ्य संस्थाको व्यावसायिक कार्य योजना,

(ख) प्रस्तावित स्वास्थ्य संस्था रहने स्थानको उपयुक्तता र जग्गाको पर्याप्तता,

(ग) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

(घ) प्रस्थावित स्वास्थ्य संस्थाले सेवा पुऱ्याउने क्षेत्र, सो क्षेत्रको जनसंख्या/जनघनत्व,

(ङ) प्रस्थावित स्वास्थ्य संस्थाले सेवा पुऱ्याउने क्षेत्रमा अन्य अस्पतालहरुको अवस्थिति र प्रस्तावित अस्पतालले पुर्‍याउने थप योगदान,

(३) अनुगमन समितिको उपदफा (२) मा उल्लिखित विषयहरुको विश्लेषण गरी स्पष्ट राय सहितको प्रतिवेदना तीस कार्य दिनभित्र अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा ३ बमोजिमका प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदनको आधारमा पूर्वाधार निर्माणका लागि अनुमति दिन उपयुक्त हुने देखिएमा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र कार्य दिनभित्र अनुमति प्रदान गर्न निकायले बढीमा तीन वर्षसम्मको समयावधि दिई पूर्वाधार निर्माणका लागि निवेदकलाई मनसायपत्र (Letter of Intent) प्रदान गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको अवधिभित्र मनासिव कारण गरी पूर्वाधार निर्माण गर्न नसकेको भनी समयावधि थपको लागि सम्बन्धित अस्पताल, वा स्वास्थ्य संस्थाले अनुरोध गरेमा अनुमति प्रदान गर्ने निकायले त्यस्ता अस्पताललाई बढीमा दुई वर्षमा नबढ्ने गरी पूर्वाधार निर्माणका लागि समयावधि थप गर्न सक्नेछ।

५. **सञ्चालन अनुमति दिन सकिने** : (१) दफा ४ बमोजिम पूर्वाधार निर्माण कार्य सम्पन्न भए पछि सो पूर्वाधार तयार भएको व्यहोरा सहित सम्बन्धित स्वास्थ्य संस्थाले सेवा सञ्चालन गर्न आवश्यक कागजातहरु संलग्न गरी अनुसूची-४ बमोजिमको ढाँचामा अनुमति प्रदान गर्ने निकाय समक्ष निवेदन दिन सक्नेछ।

तर स्वास्थ्य क्लिनिक, रेडियो इमेजिङ सेवा तथा पोली क्लिनिक स्थापना तथा सञ्चालन अनुमतिका लागि अनुसूची-५ बमोजिका ढांचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले निवेदन प्राप्त गरेको मितिले सात दिन भित्र अनुगमन समिति खटाउनु पर्नेछ।

(३) उपदफा (२) वमोजिम खटिएको अनुगमन समितिले पन्त्र कार्य दिन भित्र स्थलगत निरीक्षण गरी स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्न उपयुक्त भए नभएको राय संहितको प्रतिवेदन अनुर्मात प्रदान गर्ने निकाय समक्ष पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुगमन समितिको स्रिवेदनको आधार र यस निर्देशिकामा उल्लिखित अन्य मापदण्ड पूरा गरेका स्वास्थ्य संस्थालाई अनुमति प्रदान गर्ने निकायले पाँच वर्षका लागि स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

(५) यस दफा बमोजिम स्वास्थ्य संस्थालाई स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति दिने नदिने सम्बन्धमा उपदफा (३) बमोजिम अनुगमन समितिको प्रतिवेदन प्राप्त भएको मितिले सात कार्य दिन भित्र निर्णय गरी सक्नु पर्नेछ र सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ।

(६) यो निर्देशिका प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भएको तथा दफा (५) बमोजिम अनुमतिका लागि निवेदन नदिई सञ्चालन गरिरहेका स्वास्थ्य संस्थाले अनुसूचि ६ मा उल्लेख भए कमोजिमको दस्तुरको अतिरिक्त पाँच गुणा बढी दस्तुर लिई एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पूरा गरी सञ्चालन अनुमति दिन सकिने छ।

(७) यो निर्देशिका प्रारम्भ हुँदाका बखत संस्था दर्ता गर्ने निकायमा दर्ता भई अनुमतिको लागि निवेदन दिएका स्वास्थ्य संस्थाले अनुसूचि-६ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त तीन गुणा बढी दस्तुर बुझाएमा एक पटकको लागि निर्देशिका बमोजिमको प्रकृया पूरा गरी सञ्चालन अनुमति दिन सकिनेछ।

(८) उपदफा (२) (३) र (५) बमोजिम तोकिएको म्याद भित्र अनमति प्रदान गर्ने निकाय वा अनुगमन समितिले कार्य सम्पन्न नगरेमा अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाले एक तह माथिल्लो निकायमा उजुर गर्न सक्नेछ। यसरी प्राप्त भएको उजुरी सम्बन्धमा सम्बन्धित माथिल्लो निकायले उपदफा (२) (३) र (५) मा तोकिएको म्यादमा नबढ्ने गरी शीघ्र अनुगमनको व्यवस्था मिलाई सञ्चालन अनुमतिको व्यवस्था गरीदिन सक्नेछ।

६. **थप सेवा विस्तार गर्न वा शाखा स्थापना गर्न अनुमति लिनु पर्ने** : स्वास्थ्य संस्थाले आफूले सेवा सञ्चालन गर्न अनुमति पाएका सेवाको अतिरिक्त थप सेवा बिस्तार गर्न वा शाखा स्थापना गरी सेवा सञ्चालन गर्न चाहेमा अनुमति प्रदान गर्ने निकायबाट यस निर्देशिका बमोजिमका प्रकृया पूरा गरी अनुमति प्राप्त गर्नु पर्नेछ।

७. **<u>पुनः अनुमति प्राप्त गर्न निवेदन दिनु पर्ने</u>** : (१) यो निर्देशिका प्रारम्भ हुँदाका बखत सञ्चालन स्वीकृति लिएका स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम तोकिएको पूर्वाधार तथा मापदण्ड कार्यान्वयन प्रयोजनका लागि यो निर्देशिका प्रारम्भभएपछि तोकिएको अवधिभित्र पूर्वाधार तयारी योजना (भवन प्रवलीकरण वा नयां निर्माण योजना) सहित सम्बन्धित अनुर्मात प्रदान गर्ने निकाय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा अनुमति प्रदान गर्ने निकायले त्यस्ता स्वास्थ्य संस्थालाई यस निर्देशिका बमोजिम तोकेको पूर्वाधार पूरा गर्नका लागि तीन वर्ष र मापदण्ड कायम गर्नका लागि एक वर्षको समयावधि दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम समयावधि थप भएका स्वास्थ्य संस्थाले प्रत्येक छ छ महिनामा प्रगति प्रतिवेदन सम्बन्धित अनुमति प्रदान गर्ने निकाय समक्ष पेश गर्नुपर्नेछ।

(४) प्रवकिरण हुने अस्पताल वा नयां निर्माण गर्न अनुमति लिई साविकको भवनबाट सेवा दिईरहेका स्वास्थ्य संस्थाले निर्माण अवधिभरका लागि भवनको कारण वा अस्पतालको औजार उपकरणले हुन सक्ने दुर्घटनाको लागि शैया क्षमता बराबरको संख्यामा प्रति व्यक्ति पचांस हजार रुपैयाँ बरावरका सामुहिक दुर्घटना वीमाको व्यवस्था गर्नु पर्नेछ।

(५) यस दफा बमोजिमका प्रकृया पूरा गरेका स्वास्थ्य संस्थालाई दफा ५ बमोजिम स्वास्थ्य संस्था सञ्चालन गर्न अनुर्मात प्रदान गरिनेछ।

(६) यस दफा बमोजिम अनुमतिका लागि निवेदन नदिने, निवेदन दिए पनि अनुमति नपाउने वा निर्धारित अवधि भित्र पूर्वाधार वा मापदण्ड कायम नगर्ने स्वास्थ्य संस्थाको अनुमति त्यस्तो अनुमति दिने निकायले रद्द गर्नेछ।

८. **<u>अनुमति दस्तुर बुझाउनु पर्ने</u>** : स्वास्थ्य संस्थाको स्थपिता, सेवा विस्तार वा स्तरोन्नती गर्न अनुमति प्राप्त भएमा सम्बन्धित स्वास्थ्य संस्थाले अनुसूचि-६ मा उल्लेख भए बमोजिमको अनुर्मात दस्तुर अनुमति प्रदान गर्ने निकायलाई बुझाउनु पर्नेछ।

९. **<u>नवीकरण गराउनु पर्ने</u>** : (१) यस निर्देशिका बमोजिम स्वास्थ्य सेवा सञ्चालन गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुने मिति भित्र अनुमति प्रदान गर्ने निकाय समक्ष नवीकरणका लागि निवेदन दिनु पर्नेछ। अनुमति प्रदान गर्ने निकायले अनुमतिको अवधि समाप्त भएको मितिले तीन महिना भित्र आवश्यक जाँचबुझ गरी नवीकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा अनुमति प्रदान गर्ने निकायले अनुसूचि-६ मा उल्लेख भए बमोजिमको दस्तुर लिई तीन वर्षका लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालन अनुमतिको

नवीकरण गरिदिन सक्नेछ। तर यो निर्देशिका प्रारम्भ हुन अघि स्वास्थ्य संस्था सञ्चालन गर्ने अनुमति पाएका स्वास्थ्य संस्थाको हकमा त्यस्तो स्वास्थ्य संस्थाले यस निर्देशिका बमोजिम तोकिएको मापदण्ड तथा पूर्वाधार कायम नगरेसम्म तीन वर्षमा नबढाई प्रत्येक एक वर्षका लागि अनुमति नवीकरण गरि दिन सक्नेछ।

(३) उपदफा (१) बमोजिमका अवधि भित्र मनासिव कारण परी निवेदन पेश गर्न नसकेको भनी कारण खुलाई थप तीन महिनाभित्र निवेदन पेश गरेमा दोव्वर नवीकरण दस्तुर लिई सम्बन्धित निकायले सेवा सञ्चालन अनुमति नवीकरण गरिदिन सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिमको अवधिभित्र नवीकरणका लागि निवेदन पेश नगर्ने स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमतिपत्र स्वतः खारेज हुनेछ र सोको जानकारी प्रादेशिक स्वास्थ्य संरचनामा समेत दिनु पर्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा उल्लेख गरिएको भएता पनि यो उपदफा प्रारम्भ हुँदाका बखतसम्म अनुमति नवीकरण नगरेको स्वास्थ्य संस्थाले तोकिएको समयभित्र अनुमतिका लागि निवेदन दिएमा अनुसूचि-६ मा उल्लेख भए बमोजिमको दस्तुरको अतिरिक्त पाँच गुणा बढी नवीकरण दस्तुर लिई एक पटकको लागि निर्देशिका वमोजिमको प्रकृया पूरा गरी त्यस्तो अनुमति नवीकरण गरिदिने सकिनेछ।

१०. **<u>गुणस्तर तथा मापदण्ड अनुगमन सम्बन्धी व्यवस्था</u>** : (१) स्वास्थ्य संस्थाले आफूले पदान गरेका सेवाहरुको यस निर्देशिकामा उल्लिखित मापदण्ड बमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष परीक्षण (स्व. मूल्याङ्कन्) गराई सो को प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र अनुमति प्रदान गर्ने निकाय समक्ष अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको अवधिभित्र प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सो प्रतिवेदन पेश गर्न अनुमति प्रदान गर्ने निकायले निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) मा जसनसुकै कुरा लेखिएको भए तापनि अनुमति प्रदान गर्ने निकाय, प्रादेशिक स्वास्थ्य संरचना र मन्त्रालयले आवश्यकता अनुसार जोखिम, भौगोलिक अवस्थित, बिरामीको चाप, शल्यक्रियाको संख्या, वित्तीय लगानीको आधारमा नमूना छनोट गरी स्वास्थ्य संस्थाले प्रदान गरेको सेवाको गुणस्तर तथा यस निर्देशिकाको मापदण्ड पूरा गरे नगरेको २०७३ सम्बन्धमा निरीक्षण तथा अनुगमन गर्न वा गराउन सक्नेछ।

(४) यस निर्देशिकामा अन्य जुनसुकै कुरा लेखिएका भए तानि प्रादेशिक स्वास्थ्य संरचना तथा मन्त्रालयले जुनसुकै निकायबाट सेवा सञ्चालन अनुमति प्राप्त गरेको अस्पताल वा स्वाथ्य संस्था र अनुमति प्रदान गर्ने निकायको समेत अनुगमन गर्न सक्नेछ।

(५) उपदफा (३) वा (४) बमोजिम नियमित वा आकास्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी सेवा सञ्चालन गरेको पाईएमा त्यस्ता संस्थालाई तत्काल 'सुधारका लागि बढीमा तीन महिनाको म्याद दिई सुधारको मौका दिन सकिनेछ।

(६) यस दफा बमोजिम निरीक्षण तथा अनुगमनका क्रममा दिएको निर्देशन पालना नगर्ने, यस निर्देशिका बमोजिमका गुणस्तर तथा पूर्वाधार मापदण्ड पूरा नगर्ने वा गुणस्तर परीक्षणको वार्षिक प्रतिवेदन पेश नगर्ने स्वास्थ्य संस्थालाई सम्बन्धित अनुमति प्रदान गर्ने निकायले त्यस्ता स्वास्थ्य संस्थाले प्रदान गरिआएको सेवा पूर्ण वा आंशिक रुपमा तत्काल बन्द गर्न आदेश दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम स्वास्थ्य संस्थालाई कारबाही गर्नु पूर्व सम्वन्धित स्वास्थ्य संस्थालाई मनासिव माफिकको सफाइ पेश गर्न मौका दिनु पर्नेछ।

(८) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएका भए तापनि अन्य प्रचलित कानून बमोजिम गरिने अनुगमनलाई या व्यवस्थाले सीमित गर्ने छैन।

(९) स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिने प्रक्रिया प्रारम्भ नगरेका स्वास्थ्य संस्थामा कुनै पनि चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले क्लिनिकल प्राक्टिस गर्न पाउने छैन। कुनै चिकित्सक, नर्स वा स्वास्थ्यकर्मीले त्यस्ता संस्थामा क्लिनिकल प्राक्टिस गरेमा निजलाई कारवाहीको लागि सम्बन्धित परिषदमा लेखी पठाईने छ।

११. **<u>निवेदन दिन सक्ने</u>** : (१) दफा (१०) को उपदफा (७) बमोजिम दिएका आदेश वा अनुगमन समितिले यस निर्देशिका बमोजिम पेश गरेको अनुगमन प्रतिवेदन उपर चित्त नबुझ्ने स्वास्थ्य संस्थाले त्यस्तो प्रतिवेदन पेश भएको मितिले १५ दिन भित्र चित्त नबुझ्नुको स्पष्ट आधार र कारण सहित पुनरावलोकनको लागि प्रादेशिक स्वास्थ्य संरचना समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन उपर अनुमति प्रदान गर्ने निकायको प्रतिकृया समेत लिई प्रादेशिक स्वास्थ्य संरचनाले छानविन गरी यथाशीघ्र निर्णय गर्नेछ र सो सम्बन्धमा प्रादेशिक स्वास्थ्य संरचनाले गरेको निर्णय अन्तिम हुनेछ।

१२. **<u>स्वास्थ्य संस्था गाभिई सेवा सञ्चालन गर्न सक्ने</u>** : स्वास्थ्य सेवालाई गुणस्तरीय, प्रभावकारी तथा सुविधायुक्त बनाउन सञ्चालनमा रहेका एक भन्दा बढी स्वास्थ्य संस्थाहरु एक आपसमा गाभिई सेवा

सञ्चालन गर्न चाहेमा सेवा सञ्चालन गर्न अनुमति प्रदान गर्ने निकाय समक्ष त्यस्ता स्वास्थ्य संस्थाहरुले संयुक्तरुपमा निवेदन दिन सक्नेछन्।

१३. **अनुमति खारेजी तथा कारवाही सम्बन्धी व्यवस्था** : (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएका भए तापनि अनुमति प्रदान गर्ने निकायले स्वास्थ्य सेवा सञ्चालन सम्बन्धी अनुमति लिन वा अनुमति नवीकरण गर्नको लागि एक सटैकको लागि निश्चित समय अवधि दिई सार्वजनिक सूचना प्रकाशन गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी अनुमति नलिने स्वास्थ्य संस्थाको र दफा (९) को उपदफा (५) बमोजिमको अवधिभित्र अनुमति नवीकरण नगर्ने स्वास्थ्य संस्थाको अनुमति स्वतः खारेज हुनेछ।

## परिच्छेद-३

## स्वास्थ्य सेवा सञ्चालन तथा गुणस्तर सम्बन्धी व्यवस्था

१४. **स्वास्थ्य सेवा सञ्चालन** : (१) यस निर्देशिका बमोजिम अनुमति नलिई कसैले पनि स्वास्थ्य सेवा सञ्चालन गर्नु हुदैन।

(२) कसैले पनि निर्देशिका बमोजिम अनुमीत नलिई स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा सो कार्य रोक्न तथा त्यस्तो स्वास्थ्य संस्था आवश्यक कानूनी कारवाहीको लागि गृह मन्त्रालय मार्फत वा सोझै सम्बन्धीत जिल्ला प्रशासन कार्यालयमा लेखी पठाउनेछ र त्यस्ता संस्थाका सञ्चालक भविष्यमा स्वास्थ्य संस्था सञ्चालन अनुमति प्रदान नगर्ने गरी अभिलेख समेत राखने छ।

(३) स्वास्थ्य संस्थाले आफ्नो उद्देश्य र क्षमता अनुसार अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिई देहायका सेवाको समुचित व्यवस्था गरी स्वास्थ्य सेवा सञ्चालन गर्न सक्नेछ।

(क) आकस्मिक सेवा,

(ख) बहिरा सेवा,

(ग) अन्तरंग सेवा,

(घ) निदानात्मक सेवा (प्रयोगशाला, रेडियो इमेजिङ आदि),

(ङ) शल्यक्रिया सेवा,

(च) सघन उपचार सेवा,

(छ) प्रवर्द्धनात्मक तथा प्रतिरोधात्मक सेवा,

(ज) विशेषज्ञ सेवा,

(झ) फार्मेसी सेवा,

(ञ) रक्त सञ्चार सेवा,

(ट) फिजियोथेरापी सेवा,

(ठ) शवगृह व्यवस्था,

(ड) अस्पताल व्यवस्थापन,

(ढ) वातावरण व्यवस्थापन,

(ण) स्वास्थ्य संस्थावाट निष्काशित फोहोरमैला व्यवस्थापन।

१५. **गुणस्तर सुनिश्चितता सम्बन्धी मापदण्ड** : (१) स्वास्थ्य संस्थाले दफा ३ बमोजिमका स्वास्थ्य सेवा सञ्चालन गर्दा देहायको गुणस्तरको सुनिश्चितता गर्नुका साथै देहायका उल्लेखित मापदण्डहरुको समेत पालना गरेको हुनु पर्नेछ :-

(क) बहिरंग विभागमा आउने विरामीकी अपिका आधारमा बिरामी दर्ता, विशेषज्ञ परामर्श, निदानात्मक सेवाहरु र औषधी कक्षमा छिटो छरितो सेवा दिने व्यवस्था मिलाउनु पर्नेछ।

(ख) स्वास्थ्य संस्थामा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम संक्रमण नियन्त्रणको व्यवस्था हुनु पर्नेछ र सोको नियमित र प्रभावकारी अनुगमन गर्नु पर्नेछ।

(ग) स्वास्थ्य संस्थाले विभिन्न इकाईबाट प्रदान गर्ने स्वास्थ्य सेवाहरु स्तरीय रुपमा सञ्चालन गर्न कार्यसञ्चालन निर्देशिका तयार गरी लागु गर्नु पर्नेछ ।

(घ) स्वास्थ्य संस्थाले बहिरङ्ग सेवा प्रदान गर्ने चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र बारखुल्ने गरी) सबैले देख्ने ठाउँमा राखिएको हुनु पर्नेछ।

(ङ) स्वास्थ्य संस्थाले उपलब्ध गराउने भनिएको विशेषज्ञ सेववा सम्बन्धित विशेषज्ञ चिकित्सकवाट प्रदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(च) बिरामीले आफूले सेवा लिन चाहेको चिकित्सकबाट सेवा लिन 'पाउने व्यवस्था सुनिश्चित गर्नु पर्नेछ।

(छ) विरामी वा बिरामीको रेखदेख गर्ने व्यक्तिलाई रोग र उपचार पद्धतिबारे स्पष्ट जानकारी दिने व्यवस्था हुनु पर्नेछ।

(ज) अस्पताल परिषर तथा सेवा दिने कक्षहरु नियमित रुपमा सफा सुग्घर राखिएको हुनु पर्नेछ।

(झ) सबैले देख्ने स्थानमा उजुरी पेटियखिएको हुनु पर्नेछ।

(ञ) जनगुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तोकी जनगगुननासो तथा पर्न आएका उजुरी समाधान गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ। साथै समाधान हुन नसक्ने भएमा सोको कारण सम्बन्धित व्यक्तिलाई जानकारी गराउनु पर्नेछ।

(ट) विरामीले संस्थाबाट सेवा प्राप्त गर्न लाग्ने शुल्क, प्रकृया तथा अवधि समेत खुलाएको विरामी वडापत्र (**Patient Charter**) अस्पतालमा नेपाल सरकारले अनुसूचि-७ ढांचामा तयार गरी सबैले देखिने गरी राख्नु पर्नेछ र सोही अनुरुप सेवाको सुनिश्चितता गर्नु पर्नेछ।

(ठ) अस्पतालमा आउने बिरामीलाई आवश्यक पर्ने जजाननकारी गराउन सोधपुछ वा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई आवश्यक जानकारी दिन व्यवस्था गरेको हुनु पर्नेछ।

(ड) सेवा प्रदायक चिकित्सक तथा स्वास्थ्यकर्मीहरुको सुरक्षाका लागि विभिन्न सरुवा रोग विरुद्धका खोप तथा व्यक्तिगत सुरक्षा व्यवस्था गरेको हुनु पर्नेछ।

(ढ) हरेक स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुको सेवा शर्त सम्बन्धी विनियम बनाएको हुनु पर्नेछ।

(ण) स्वास्थ्य संस्थाले नेपाल सरकारबाट सञ्चालित सेवा वा कार्यक्रम सञ्चालन गर्दा नेपाल सरकारले तोकेका प्रोटोकल मापदण्ड/निर्देशिका अनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ।

(त) अस्पतालले चौबीसै घण्टा चिकित्सक तथा दक्ष स्वास्थ्यकर्मीबाट आकस्मिक सेवा दिएको हुनु पर्नेछ।

(थ) अस्पतालमा रहेको आकस्मिक शैया क्षमताको आधारमा चिकित्सक तथा अन्य स्वास्थ्यकर्मीको व्यवस्था गरेको हुनु पर्नेछ र सोको विवरण अनुसूचि ८ बमोजिमको ढांचामा सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ।

(द) आकस्मिक विभागबाट बिरामी भर्ना गर्ने, विरामीको रेफरल प्रक्या र विरामी सार्ने पति स्पष्ट परिभाषित भएको हुनु पर्नेछ र सोको व्यहोरा बमोजिमको ढांचामा सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ।

(ध) अस्पतालमा उपचारका लागि आउने विपन्न, असहाय, बेबारिसे बिरामीका लागि कुल शैयाको दश प्रतिशत शैया छुट्याई निःशुल्क उपचार अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ।

(न) खण्ड (ध) बमोजिम उपलब्ध गराएका उपचार सेवाको अभिलेख राखी सोको प्रतिवेदन सम्बन्धित पालिकाको कार्यालयमा नियमित रुपमा पठाउनु पर्नेछ।

(प) अस्पतालहरुमा ज्येष्ठ नागरिकहरुलाई विशेष किसिमका सुविधाका व्यवस्था हुनु पर्ने र आवश्यक मात्रामा शैया छुट्याउनु पर्नेछ।

(फ) स्वास्थ्य संस्था सञ्चालन गरिने भवन र अन्य पूर्वाधार भवन संहिता र सम्बन्धित क्षेत्र भवन निर्माण सम्बन्धी मापदण्ड अनुरुप हुनु पर्नेछ।

(व) अस्पतालले विपद् व्यवस्थापनको कार्ययोजना बनाएको हुनु पर्नेछ। सो कार्यका लागि सम्पर्क व्यक्ति तोकी सोको जानकारी सम्बन्धित पालिकाको कार्यालय र जिल्ला समन्वय समितिमा दिनु पर्नेछ।

(भ) अस्पतालले सूचना अधिकारी तोक्नु पर्नेछ।

## परिच्छेद-४

## अस्पताल सम्बन्धी मापदण्ड

**१६. अस्पताल सम्बन्धी मापदण्डः** अस्पताल सम्बन्धी मापदण्ड नेपाल सरकार तथा प्रदेश सरकारको कानून बमोजिम हुनेछ।

## परिच्छेद-५

## मानव संशोधन व्यवस्थापन

**१७. जनशक्ति विकास योजना** : (१) अस्पतालको शैया क्षमताका आधारमा देहाय बमोजिमका न्यूनतम जनशक्तिको व्यवस्था भएको हुनु पर्नेछ :-

(क) प्रति पच्चीस शैयाका लागि एक जना एम.डी.जी.पी. चिकित्सक हुनु पर्नेछ। तर एम.डी.जी.पी. चिकित्सक नपाईने अवस्थामा पच्चीस शैयाका अस्पतालमा प्रसुती तथा स्त्री रोग विशेषज्ञ र बाल रोग विशेषज्ञ।

(ख) शल्यक्रिया प्रदान गर्ने कक्षमा प्रति शैयाकम्तीमा एक जना शल्यचिकित्सक, एक जना एनेस्थेटिक्स, एक जना ईन्चार्ज, एक जना शल्यक्रिया संहायक र एक जना नर्स।

(ग) जनरल कक्ष (General Ward) मा प्रति चार देखि छ शैयामा एक जना स्टाफ नर्सको व्यवस्था भएको।

(घ) ईमर्जेन्सी तथा पोष्ट अपरेटिभ कक्ष (Post Operative Ward) मा प्रति दुई शैयामा एक जना नर्स।

(ङ) सघन उपचार कक्ष (आई.सी.यू.एन. आई.सी.यू.सी.सी.यू.आदि) मा प्रति शैयामा एक जना स्टाफ नर्सका व्यवस्था।

(च) प्रसुती कक्षका लेवर वेडमा प्रति वेड दुई एस.बी.ए. (Skill Birth Attendants) तालिम प्राप्त नर्स वा मीडवाईफीको व्यवस्था।

(छ) अस्पतालमा कम्तीमा एक जना मेडिकल रेर्कडर।

(ज) अस्पतालमा चौबीसै घण्टा सेवा उपलब्ध गराउने गरी फर्मासिष्ट लगायत आवश्यक संख्यामा जनशक्तिका व्यवस्था।

(झ) अस्पतालमा कम्तीमा दुई तिहाई पूर्णकालीन स्वास्थ्यकर्मी।

(ञ) सरकारी स्वास्थ्यकर्मीहरुवाट सेवा लिनुपर्ने अवस्थामा सम्बन्धित निकायले स्वीकृति पत्र।

(ट) हरेक स्वास्थ्यकर्मीले सम्बन्धित व्यवसायिक काउन्सिलबाट दर्ता नं. लिएको।

(ठ) स्वास्थ्यकर्मी वा स्वयम् सेवकले मन्त्रालयको सिफारिसमा सम्बन्धित काउन्सिलबाट स्वीकृति लिएको।

**१८. <u>जनशक्ति सम्बन्धी विस्तृत विवरण</u> : (१)** जनशक्ति सम्बन्धी विस्तृत विवरण नेपाल सरकार तथा प्रदेश सरकारको कानून बमोजिम हुनेछ।

## परिच्छेद-६

## <u>औजार तथा उपकरण</u>

**१९. <u>औजार तथा उपकरण:</u>** (१) औजार तथा उपकरण सम्बन्धी मापदण्ड नेपाल सरकार तथा प्रदेश सरकारको कानून बमोजिम हुनेछ।

## परिच्छेद ७

## <u>सेव सम्बन्धी व्यवस्था</u>

**२०. <u>विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालका पूर्वाधार तथा मापदण्डहरु</u>** : विशेषज्ञ सेवा प्रदान गर्ने अस्पतालका पूर्वाधार तथा मापदण्डहरु नेपाल सरकार तथा प्रदेश सरकारको कानून बमोजिम हुनेछ।

**२१. <u>स्वास्थ्य क्लिनिक पोली क्लिनिक सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु</u>** : (१) स्वास्थ्य क्लिनिक पोली क्लिनिकमा स्वास्थ्य जाँच गर्न चिकित्सक कुनै पनि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा पनि ममदद वा सो सरहको चिकित्सा सम्बन्धी उपाधि प्राप्त गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको हुनु पर्नेछ।

(२) परामर्श सेवा दिने व्यक्ति स्वास्थ्य विज्ञानमा प्रमाणपत्र तह उत्तीर्ण गरी परामर्श सेवा तालिम प्राप्त हुनुपर्नेछ।

(३) पोली क्लिनिकमा रेडियोलोजी ईमेजीङ सेवा प्रयोगशाला तथा औषधी उपचार सेवा सञ्चालन गर्नु परेमा छुट्टाछुट्टै सेवा सम्बन्धी निर्धारित पूर्वाधार पूरा गर्नु पर्नेछ।

(४) स्वास्थ्य क्लिनिक पोली क्लिनिकमा स्वास्थ्य सेवा सञ्चलानका लागि देहाय बमोजिमका आवश्यक न्युनतम भौतिक सुविधाहरु हुनु पर्नेछ :-

| | | |
|---|---|---|
| (क) | बिरामीको जाँच गर्न **Ventilated** वा **AC** कोठा सेवा अनुसारको छुट्टछुट्टै (कम्तिमा १४ वर्ग मिटरका) | १ |
| (ख) | बिरामी बस्न ठाउँ ( कुनै ठाउँ) | १ |
| (ग) | बिरामी जाँच्ने टेबुल | १ |
| (घ) | चिकित्सकका लागि टेबुल | १ |
| (ङ) | चिकित्सकका लागि कुर्सी | १ |
| (च) | बिरामी बस्ने टुल | १ |
| (छ) | शौचालयको व्यवस्था (अपाङ्ग मैत्री सहित) | २ |
| (ज) | टेलीफोन, इन्टरनेट, | |
| (झ) | स्वास्थ्य शिक्षा सम्बन्धी सूचना मूलक पोष्टर तथा अन्य सामग्री, | |
| (ञ) | स्वच्छ पानीको आपूर्ति, | |
| (ट) | निरन्तर विद्युत आपूर्ति, | |

(५) सेवा र विषय अनुसारका आवश्यक औजार तथा उपकरणहरुको व्यवस्था गर्नुपर्नेछ।

(६) विरामी सम्पूर्ण विवरण राख्नको लागि कम्प्युटर वा रजिष्टर गर्नुपर्नेछ।

(७) क्लिनिकमा प्रयोग हुने सम्पूर्ण औजारहरुको अनिवार्य नर्मलीकरणको व्यवस्था गर्नुपर्नेछ।

(८) क्लिनिकमा काम गर्ने सम्पूर्ण कर्मचारीको योग्यताको प्रमाणपत्रको प्रतिलिपी साथै प्राविधिक कर्मचारीहरुको सम्बन्धित परिषद्मा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी राख्नु पर्नेछ।

(९) सेवा शुल्क र आयकर प्रमाणपत्र सबैले देख्ने ठाउँमा राख्नुपर्नेछ।

(१०) गाउँपालिकाबाट तोकिएको एकीकृत स्वास्थ्य नियमित रुपमा मासिक प्रतिवेदन पालिकाको सूचना व्यवस्थापन प्रणालीको ढाँचा अनुसार कार्यालयमा पठाउनु पर्नेछ ।

२२. **<u>रेडियोलोजी र डाइग्नोष्टिक एण्ड इमेजिङ्ग जोधा संञ्चालनका लागि आवश्यक पूर्वाधार तथा सर्तहरु</u>** : (१) यस निर्देशिकाको प्रयोजनको लागि रेडियोलोजी वा डाईग्नोष्टिक सेवा अन्तर्गत देहायका प्रविधिहरु समावेश गरिएको छ :-

(क) X-ray 9300 mA सम्म )

(ख) Ultra sonogram (USG)

(२) उपदफा (१) मा उल्लेख गरिएको बाहेकका थप प्रविधिको लागि माग भएमा पालिकाको सिफारिसमा प्रादेशिक स्वास्थ्य संरचनाले स्वीकृती दिनेछ।

(३) रेडियोलोजी डाईग्नोष्टिक तथा इमेजिङ सेवाबाट पर्ने विकिरणका दुष्प्रभावलाई कम गर्नका लागि उक्त सेवा सञ्चालन गर्न अनुमति दिंदा वा सिफारिस गर्दा निम्न मापदण्डलाई आधार मानिनेछ :-

(क) एक्सरेका लागि :

(१) एउटा एक्सरे मेशिनका लागि कम्तिमा २२५ स्क्वायर फिटका कोठा हुनु पर्ने ।

(२) एक्सरे गर्ने कोठाका Wall Thickness (क) ९ ईन्च Width plaster of Paris वा (ख) ६ ईन्च वा (ग) २.० एम. एम Lead thickness हुनु पर्ने। साथै झ्याल, ढोका, भित्ताबाट हुने विकिरणका चुहावट हुन नसक्ने गरि आवश्यक व्यवस्था भएको हुनु पर्ने।

(३) X-ray सेवा प्रदान गर्ने व्यक्तिका लागि चवथ कोठा भित्र ०.५ mm को एप्रोन तथा Radiation Protective measures का व्यवस्था हुनुपर्ने।

(४) Radiology मा कार्यरत कर्मचारीहरुका लागि Radiation those monitor उपलब्ध हुनु पर्दछ । र समय समयमा Radiation survey Monitoring गर्नुपर्ने ।

(५) Eye, Gonadal, Thyroid, Gland आदिका Protection को लागि Lead Glass /Globes/lead apron को व्यवस्था हुनु पर्ने।

(६) X-ray एक्सपोज गर्ने कोठा डार्क रुमा र प्रतिक्षा गर्ने कक्ष छुट्टाछुट्टै हुनुपर्ने।

(७) Radiology विभागमा जनसाधारणले देख्ने ठाउँमा X-ray विकिरणले स्वास्थ्यमा खराब असर पर्न सक्छ भन्ने बारे सूचना गर्ने। साथै सूचनामा गर्भवती महिला तथा वालवालिकालाई अनावश्यक विकिरणबाट बच्न अनुरोध गर्ने।

(ख) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति तथा योग्यता देहाय बमोजिम हुनुपर्नेछ :-

(१) रेडियोलोजिष्ट :- मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्सा शास्त्रमा स्नातक तह उत्तीर्ण गरि रेडियोलोजी विषयमा एम.डि.डि. एम. आर.डि. एफ आर. सी वा सो सरह उत्तीर्ण गरेको हुनु पर्नेछ।

(२) रेडियोलोजि एण्ड इमेजीड का रिपोङ्किङ रेडियालोजिष्टहरुकै मात्र गर्न पाउनको साथै Radiological interventional Procedure हरू पनि यथासम्भव रेडियोजिष्टले मिलाउनु पर्नेछ ।

(३) रेडियोलोजी सेवाका लागि आवश्यक जनशक्ति वा योग्यता निम्न बमोजिम हुनुपर्नेछ क. Medical Physicist Medical physics विषयमा वि.एस. सी वा M. Sc. उत्तीर्ण गरेको

(४) बायोमेडिकल ईन्जिनियर :- बायोमेडिकल ईन्जिनियरिङ्ग विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको हुनु पर्नेछ।

(ग) सिनियर रेडियोग्राफिक टेक्नोलोजिष्ट सम्बन्धित विषयमा M.Sc. Radiography गरी कम्तीमा स्नातक तहमा ३ वर्ष काम गरेको हुन पर्छ ।

(घ) रेडियोग्राफी अधिकृत (रेडियोग्राफीक टेक्नोलोजिष्ट) :-
चिकित्सा शास्त्र अध्ययन संस्थान वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थान यस रेडियोग्राफिक विषयमा (B.Sc. MIT. B.Sc. RT) स्नातक तह उत्तीर्ण गरेको हुनु पर्ने। साथै NHPC-Nepal Health Professional Council मा दर्ता हुनु पर्ने।

(ङ) रेडियोग्राफर चिकित्सा शास्त्र अध्ययन संस्थानबाट वा नेपाल सरकारबाट मान्यता प्राप्त अन्य संस्थावाट रेडियोग्राफी विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरेको हुनुपर्ने।

(च) Radiation: Measurement and Protection सम्बन्धी व्यवस्था Radiation Protection व्यवस्थित गर्न र X-ray Unit हरुको गुणस्तर नाप गर्नलाई चाहिने आवश्यक उपकरण खरीद गरी स्वास्थ्य मन्त्रालयले तोकेका निकायमा राखे र अनुगमन तथा निरीक्षणमा प्रयोग गर्ने र गुणस्तर, Dose Monitor गर्ने । विश्व स्वास्थ्य सँगठनका मापदण्ड अनुसार कुनै काम गर्ने व्यक्तिमा radiation sf dose २० Millisievert par year-WHO को सन् २००२ को मापदण्ड अनुसार देखिएमा उपयुक्त क्षतिपूर्तिका व्यवस्था सम्बन्धित संस्थाले मिलाउन पर्नेछ।

(छ) Ultrasonogram-USG USG Ultrasonogram-USG को प्रयोग सम्बन्धमा रेडियोलोजिष्टहरु बाहेक आफ्नो क्षेत्रमा मात्र प्रयोगमा ल्याउने गरी मान्यता प्राप्त संस्थाबाट कम्तीमा ३ महिनाको USG तालिम प्राप्त गरेको स्त्री तथा प्रसूति रोग सम्बन्धी विशेषज्ञहरले गर्न पाउनेछन्। सेवा सञ्चालन गर्न आवश्यक पर्ने निम्न बमोजिमका उपकरणहरुका व्यवस्था हुनु पर्नेछ :-

(१) इमर्जेन्सी सेवामा चाहिने औषधी लगायत औजार उपकरणहरुको व्यवस्था हुन पर्ने।

(२) स्टेचर, ह्वील चियरको व्यवस्था हुनु पर्ने।

(३) शौचालयको राम्रो व्यवस्था हुन पर्ने।

(४) रेकर्डिङ तथा रिपोर्टिङका लागि छुट्टै कोठाको व्यवस्था हुनु पर्ने।

(५) वैकल्पिक विद्युतका लागि जेनेरेटरका व्यवस्था हुन पर्ने।

(६) विरामीका लागि र विरामी कुरुवा बस्नको लागि कोठा लगायत बेन्चको व्यवस्था हुनु पर्ने।

(७) स्टोर, रिपोर्ट डिस्ट्रीब्यूसनका लागि रुष्टीग्रेटे कोठाको व्यवस्था हुनु पर्ने।

(८) Medical Equipment repair and maintenance गर्दा बायोमेडिकल ईन्जिनियर वा रेडियोलोजिकल उपकरण सम्बन्धी विशेष तालिम प्राप्त व्यक्तिहुनु पर्ने।

(९) विकिरण क्षेत्रमा काम गर्नेलाई अनिवार्य रुपमा रेडिएसन भत्ताको व्यवस्था हुनुपर्ने।

(झ) रेडियोलोजी सेवाको लागि न्यूनतम उपकरण तथा जनशक्ति पूर्वाधारहरु :

| सि.नं. | विवरण | क्लिनिक | २५ शैया |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

(ञ) स्वास्थ्य मन्त्रालयको स्वीकृति विना Radiology सम्बन्धी मेशिन नेपालमा पैठारी गर्न पाइने छैन।

२३. **<u>प्रयोगशाला सेवा</u>** : (१) प्रयोगशाला सेवा सञ्चालनका लागि प्रयोगशालाहरुको स्तर, विभाग र जनशक्ति देहाय बमोजिम हुनु पर्नेछ :-

(क) जनरल प्याथोलोजी योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट एम वि वि एस वा सो सरह उत्तीर्ण गरी MD Path, MRC Path, DCP वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ।

(ख) माईक्रोबायोलोजी योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Microbiology उपाधि प्राप्त।

(ग) हेमाटोलोजी : योग्यता मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Hematology उपाधी प्राप्त।

(घ) MD Biochemistry योग्यता : मान्यता प्राप्त शिक्षण संस्थाबाट MD Biochemistry उपाधी प्राप्त ।

(ङ) मेडिकल टेक्नोलोजिष्ट मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजी विषयमा स्नातक MBLT उपाधी प्राप्त।

(च) विशेषज्ञ मेडिकल टेक्नोलोजिष्ट मान्यता प्राप्त शिक्षण संस्थाबाट मेडिकल ल्याब टेक्नोलोजी विषयमा स्नातकोत्तर उपाधी MMLT प्राप्त। (MMLT/M.se. Microcolony, MMLT/M.Sc. Hematology, MMLT/M.sc. Bio chemistry, MMLT/M.Sc. Cytology गरेकोहरुले जुन विषयमा आफुले उपाधी प्राप्त गरेको छ, सोही विषयमा मात्र छन् । प्रसापाला चालन गरी विशेषज्ञ सेवा प्रदान गर्न पाउने)

(छ) ल्याव टेक्नीसीयनः मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण। गर्न पाउने परीक्षणहरु : २५ शैया सम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्बन्धि परिक्षणहरु

(ज) ल्याब असिस्टेन्ट : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा एक वर्षे वा १५ महिनाको ल्याब असिस्टेन्ट तालिम पुरा गरी प्रमाण पत्र प्राप्त गरेका । गर्न पाउने परीक्षणहरु : २५ शैया सम्मका सरकारी अस्पताल स्तरमा प्रदान गरिने प्रयोगशाला सम्बन्धि परिक्षणहरु

(२) उपदफा (१) मा उल्लेखित जनशक्तिले आफुले प्राप्त गरेको प्रमाण पत्रका आधारमा व्यवसाय गर्न नेपाल सरकारले तोकेको परिषद्‌मा दर्ता हुनु पर्नेछ ।

२४. **प्रयोगशाला सञ्चालन सम्बन्धी न्युतम मापदण्ड** : देहायमा उल्लेख भए बमोजिम सरकारी स्तरमा सञ्चालित प्रयोगशालाहरुको स्तर अनुसारको मापदण्ड निजी क्षेत्रमा सञ्चालित प्रयोगशालाहरुको न्युतम मापदण्ड हुनेछ ।

(क) प्रयोगशालामा कार्यरत जनशक्ति अनुसार देहायमा लेखिए बमोजिमका परिक्षणहरु मात्र गर्न पाईनेछ।

(ख) आकष्मिक सेवा प्रदान गर्ने हरेक अस्पतालमा शैया अनुसारका आवश्यक पर्ने आकस्मिक परिक्षणहरु गर्नुपर्नेछ। आइ.सी.यु. सेवा प्रदान गर्ने अस्पतालहरुमा Blood gas Analyzer हुनु पर्नेछ।

(ग) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला वा अन्य सम्बद्ध निकायबाट सञ्चालन हुने गुणस्तर नियन्त्रक सम्बन्धि कार्यक्रममा अनिवार्य रुपमा भाग लिनु पर्नेछ।

(घ) राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट पठाइने गुणस्तर सम्बन्धी परिक्षण निर्देशन बमोजिम अनिवार्य रुपमा गर्नु पर्नेछ।

(ङ) प्रत्येक कोठामा पर्याप्त प्रकाश र भेन्टीलेशनको व्यवस्था हुनु पर्नेछ।

(च) विजुली र पानीको राम्रो व्यवस्था हुनु पर्नेछ।

(छ) प्रयोगशालाले फोहोर व्यवस्थापन नेपाल सरकारले तोकेको मापदण्ड अनुसार गरेको हुनु पर्नेछ।

(ज) प्रयोगशालामा रगत तान्ने कोठा, सफा गर्ने कोठा, आकस्मिक कोठा, नमुना परिक्षण गर्ने कोठा र शौचालयको अनिवार्य व्यवस्था हुनु पर्नेछ।

(झ) प्रयोगशालामा आवश्यक पर्ने टेबुल, कुर्सी लगायतका आवश्यक फर्निचरहरु पर्याप्त मात्रामा हुनु पर्नेछ।

(ञ) प्रयोगशालामा विशेषज्ञ सेवा प्रदान गदां श्रीफले जुन उपाधी प्राप्त गरेको छ, सोही अनुसार मात्र सेवा सञ्चालन गर्न पाउनेछ।

(ट) प्रयोगशालाको रिपोर्ट प्रमाणित गर्नेको नाम, शैक्षिक योग्यता एवं परिषद्‌को दर्ता नम्बर उल्लेखित स्टयाम्प वा प्रिन्टको प्रयोग उल्लेख हुनु पर्नेछ।

## परिच्छेद-८

## आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुको मापदण्ड

२५. **आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी स्वास्थ्य संस्थाहरुका मापदण्ड** : (१) आयुर्वेद तथा वैकल्पिक चिकित्सा प्रणाली अन्तर्गत निजी स्तरमा स्वास्थ्य संस्थाको स्थापना, सञ्चालन तथा स्तरोन्नति गर्दा देहायका मकापदण्डहरुको पालना गर्नु पर्नेछ :

(क) आयुर्वेद स्वास्थ्य सेवा :

(१) आयुर्वेद चिकित्सा प्रणाली अन्तर्गत स्वास्थ्य सेवा प्रदान गदाए वा चिकित्सा व्यवसाय गर्दा सम्बन्धित विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा स्नातकोत्तर उपाधी हासिल गरी नेपाल आयुर्वेद चिकित्सा परिषद्मा दर्ता भएको हुनु पर्नेछ । नेपाल सरकारका बहालवाला कर्मचारी भएमा नेपाल सरकारको पूर्व स्वीकृती लिनु पर्नेछ।

(२) पञ्चकम सेवा केन्द्रमा सम्बन्धित विषयमा कम्तिमा वि.ए.एम.एस. वा सो सरह उपाधी प्राप्त व्यक्तिबाट वमन विर्यचन शिरो विर्यचन, आस्थापन, अनवासन वस्ती र रक्तमोक्षण प्रयोग गर्नु पर्ने र उत्तर वस्तीका लागि सम्बन्धित विशेषज्ञबाट गर्नु पर्नेछ।

(३) आयुर्वेद अस्पतालमा काम गर्ने कर्मचारीलाई संक्रमण सुरक्षा सम्बन्धी आवश्यक तालिम दिनु पर्नेछ।

(४) आयुर्वेद अस्पतालले जनशक्ति, भौतिक पूर्वाधार, औजार उपकरण र सेवाको गुणस्तरीयतामा मात्र संस्था विस्तार गर्नु स्वीकृतीका लागि माग गर्ने र उपयुक्त ठहर भएमा शाखा विस्तारका लागि स्वीकृती दिन सकिनेछ।

(५) विरामीको उपचारको शिलशिलामा आवश्यकता अनुसार विशेषज्ञ चिकित्सक समक्ष वा उपयुक्त स्थानमा प्रेषण (रेफर) गर्नु पर्नेछ।

(६) रोग निदानार्थ आवश्यक पर्ने इ.सी.जी., इ.इ.जी, प्याथोलोजी, रेडीयोलोजी तथा अन्य आवश्यक सेवाहरु सञ्चालन गर्नु परेमा सम्बन्धित विषयका जनशक्ति र सो सम्बन्धी भौतिक पूर्वाधार, औजार उपकरण, नीति नियमको पालना गर्नु पर्नेछ।

(७) ईन्टिग्रेटेड क्लिनक, नर्सीङ होम वा अस्पताल भनी स्वीकृतीका लागि माग भएमा कुन कुन विषय र सेवा दिन उद्धेश्य राखिएको हो, सो प्रष्ट उल्लेख गरी सोही बमोजिमका जनशक्ति, औजार उपरकरण र भौतिक पूर्वाधार व्यवस्था गर्नु पर्नेछ।

(८) आयुर्वेद चिकित्सा विधामा स्वास्थ्य रक्षा, रोग निवारण, औषधी द्रव्य, काष्ठौंपधि, रसौंपधिका प्रयोग गरिने चिकित्सा सेवा, विना औषधी दिईने, सेवा र आयुर्वेद स्वास्थ्य सेवामा

उल्लेखित पूर्वकम अन्तर्गतका निराग्नी, स्वेत (जल, वायु, सूर्य किरण, पार्थिव तत्वको प्रयोग), अग्नी स्वेदन अभ्याङ्ग, सत्वावजय चिकित्सा (योगाभ्यास, ध्यान आदि) का माध्यमबाट रोगको रोकथाम वा दिर्घ जीवनका लागि सञ्चालन गरिने स्वास्थ्य संस्थाहरुले आयुर्वेद स्वास्थ्यकर्मीहरु, भौतिक पूर्वाधार, आवश्यक औजार उपकरण र तोकिएका मापदण्ड पूरा गरी जुनसुकै नाममा सञ्चालन भएतापनि आधारग्रन्थ सहित अनुमति प्रदान गर्ने निकायबाट अनुमति लिएर मात्र सञ्चालन गर्न पाईनेछ।

(ख) आयुर्वेद चिकित्सा अन्तर्गत रहने सेवाहरु :

<u>चिकित्सा सेवा :</u>

(१) रोग उपचार (आतुर विकार प्रसमन)

(क) युक्ति व्यापाश्रय चिकित्सा

(ख) संशमन (औषधी चिकित्सा)

(ग) संशोधन (वमनादि पञ्चकम शोधन चिकित्सा

(घ) दैव व्यापाश्रय

(ङ) सत्वावजय

(च) शस्त्र-प्रणिधान

(छ) योगाभ्यास

(२) स्वास्थ्य प्रवर्धनात्मक, स्वास्थ्य रक्षा तथा प्रतिरोधात्मक स्वास्थ्य सेवा :

(क) प्रकृति विनिश्चय र परामर्श

(ख) स्वास्थ्यवृत्त पालना ऋतुचर्या, दिनचर्या, रात्रिचर्या, पथ्यापथ्य, आहार विहार

(ग) रसायन

(घ) वाजीकरण

(ङ) पञ्चकर्म

(च) योगाभ्यास

(ग) आयुर्वेद अस्पताल तथा नर्सीङ होम सम्बन्धी मापदण्ड तथा पूर्वाधार : स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० अनुसार,

(घ) आयुर्वेद पूर्वकम, पञ्चकम सेवाकेन्द्र सम्बन्धी मापदण्ड तथा पूर्वाधारहरु : स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० अनुसार

(ङ) होमियोप्याथीक चिकित्सा सेवा स्थापना तथा सञ्चालन मापदण्ड : स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० अनुसार

(च) होमियोप्याथीक इमरजेन्सी सेवा : स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० अनुसार

(छ) निजी स्तरका होमियोप्याथिक अस्पतालका पूर्वाधार : स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० अनुसार

(ज) एक्युप्रेसर : स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० अनुसार

(झ) एक्युपञ्चर सेवा अस्पतालका पूर्वाधार र मापदण्डहरु : स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० अनुसार

(ञ) प्राकृतिक चिकित्सा अस्पतालका पूर्वाधारहरु : स्वास्थ्य संस्था स्थापना, सञ्चालन तथा स्तरोन्नति मापदण्ड सम्बन्धी निर्देशिका, २०७० अनुसार

## परिच्छेद-१०

## अभिलेख तथा प्रतिवेदन सम्बन्धी व्यवस्था

२६. **अभिलेख तथा प्रतिवेदन** : (१) प्रत्येक स्वास्थ्य संस्थाले प्रदान गरेका सेवाहरु पालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अनुसार अभिलेख राख्नु पर्नेछ । तोकिएको समयमा आफुले प्रदान गरेको सेवाको प्रतिवेदन पालिकाको कार्यालयबाट प्राप्त एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको ढाँचामा सम्बन्धित पालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । यसरी तोकिए बमोजिमको अभिलेख नराख्ने र प्रतिवेदनत पेश नगर्ने स्वास्थ्य संस्थालाई सम्बन्धित पालिकाले सचेत गराउनको साथै अनुमति खारेज गगर्न समेत सक्नेछ।

(२) सूचना व्यवस्थापन गर्ने कर्मचारीलाई सम्बन्धित पालिकाको कार्यालयबाट एकिकृत स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम लिने व्यवस्था गराउनु पर्नेछ।

(३) स्वास्थ्य संस्थाले सेवा प्रदान गरेको विरामीहरुको रोगको विवरण आइ.सी.डी. १० अनुसार कोडीङ गरी प्रतिवेदन गर्नु पर्नेछ।

(४) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा भएको जन्म तथा मृत्युको घटना विवरण प्रचलित कानून बमोजिम तोकिएको ढाँचामा स्थानीय पञ्जिकाधीकारीलाई मासिक रुपमा दिनु पर्नेछ।

(५) स्वास्थ्य संस्थाले आफ्नो संस्थामा नेपाल सरकारले तोकेको सूचना दिनु पर्ने रोगका विरामी पत्ता लागेको वा शंका लागेको खण्डमा वा कुनै रोगको महामारीको शंका लागेमा तुरुन्तै सम्बन्धीत पालिकाको कार्यालयमा सूचना गर्नु पर्नेछ।

## परिच्छेद-११

## सञ्चालन, अनुमति, नवीकरण हुन नसक्ने अवस्था र खारेजी सम्बन्धी व्यवस्था

२७. **सञ्चालन अनुमति नवीकरण नुहने** : (१) यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा स्वास्थ्य संस्थाको सेवा सञ्चालन अनुमतिको नवीकरण गरिने छैनः

(क) नियमित वा आकस्मिक अनुगमन गर्दा तोकिएका गुणस्तर वा पूर्वाधार पूरा नगरी स्वास्थ्य सेवा सञ्चालन गरेको पाइएमा।

(ख) प्रारम्भिक वातावरणीय परिक्षणमा उल्लेखित शर्तहरु पालना नगरेको पाइएमा।

(ग) अस्पतालले प्रदान गरेको सेवाको तोकिएको ढाँचामा अभिलेख नराखेमा, तोकिएको ढाँचा र समयमा नियमित प्रतिवेदन नगरेमा र वार्षिक प्रतिवेदन सम्बन्धीत पालिकाको कार्यालयमा पेश नगरेमा।

(घ) स्वास्थ्य संस्थाबाट सिर्जित अस्पतालजन्य फोहोर मैलाको उचित व्यवस्थापन नगरेक पाइएमा।

(ङ) मन्त्रालय वा प्रादेशिक स्वास्थ्य संरचना वा सम्बन्धित निकाय वा पालिकाको कार्यालयले दिएको निर्देशनको उलंघन गरेमा।

(च) भवन संहिता अनुरुप भवन निर्माण नभएको वा पुरानो भवनको हकमा तोकिएको समयभित्र भूकम्पीय दृष्टिकोणले भवन प्रर्वालकरण गरेको नपाइएमा।

२८. **खारेजी गर्न सकिने** : (क) यो निर्देशिका प्रारम्भ हुनु अघि अनुर्मात प्राप्त गरी सञ्चालनमा रहेको स्वास्थ्य संस्थाले संस्था सञ्चालन गर्न नसकिने जनाई सञ्चालन अनुमति खारेजीका लागि निवेदन दिएमा सम्बन्धित निकायले त्यस्तो संस्थाको सञ्चालन अनुमति खारेज गर्न सक्नेछ।

(ख) गैह्र कानूनी क्रियाकलाप गरेको पाइएमा सम्बन्धित निकायले सम्बन्धित सेवा निलम्बन वा त्यस्तो संस्थाको सञ्चालन अनुर्मात खारेजी गर्न सक्नेछ।

(ग) दफा २७ र २८ मा तोकिएको कार्यहरु उलंघन गरेमा।

## परिच्छेद-१२

## विविध

२९. **सेवा शुल्क निर्धारण समिति सम्बन्धी व्यवस्था** : (क) सर्वसाधारणलाई उचित मूल्यमा गुणस्तरीय स्वास्थ्य सेवा पुर्‍याउने प्रयोजनका लागि स्वास्थ्य संस्थाले प्रदान गर्ने स्थास्थ्य सेवाको गुणस्त्रको आधारमा त्यस्ता स्वास्थ्य संस्थाले लिन सक्ने सेवा शुल्क सम्बन्धी मापदण्ड निर्धारण गर्नका लागि सम्बन्धित पालिकाले एउटा सेवा शुल्क निर्धारण समिति गठन निर्धारण हुनेछ ।

(ख) उपदफा (क) को प्रयोजनको लागि सेवा शुल्क निर्धारण समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(ग) सेवा शुल्क निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

३०. **मापदण्ड तथा अनुसूचीमा हेरफेर** : गाउँ कार्यपालिकाले यस निर्देशिकामा उल्लेखित मापदण्ड तथा अनुसूचीहरु आवश्यकता अनुसार हेरफेर र थपघट गर्न सकिनेछ।

३१. **व्याख्या गर्ने अधिकार** : यस निर्देशिकामा उल्लेखित मापदण्डका कुनै प्रावधानको कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आइपरेमा सम्बन्धित पालिकाले सो मापदण्डको व्याख्या गर्नेछ।

३२. **स्वतः अमान्य हुने** : यस निर्देशिकामा लेखिएका कुनै कुरा प्रचलित कानूनको कुनै व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

## अनुसूची-१

**(दफा २ को खण्ड (क) सँग सम्बन्धित)**

**पूर्वाधार, स्थायी एवं स्तरोन्नति स्वीकृतीको प्रयोजनको लागि अनुगमन सम्बन्धी व्यवस्था**

**गाउँपालिकास्तरीय :**

| | |
|---|---|
| १. मे.सु. मेडिकल अधिकृत | संयोजक |
| २. ल्याब टेक्निसियन/अधिकृत (१) | सदस्य |
| ३. रेडियो ग्राफर/अधिकृत (१) | सदस्य |
| ४. पब्लिक हेल्थ नर्स/अधिकृत (१) | सदस्य |
| ५. सव-ईन्जिनियर (सिभिल) (१) | सदस्य |
| ६. गाउँपालिकाबाट मनोनित विज्ञ (१) | सदस्य |
| ७. जन स्वास्थ्य निरीक्षक (१) | सदस्य सचिव |

**पुनश्चः गाउँपालिकाको कार्यालयमा सबै सदस्यहरु नभएको अवस्थामा स्वास्थ्य कार्यालय तथा जिल्लामा आवस्थित सरकारी अस्पतालका कर्मचारीहरुबाट सदस्य कायम रहने।**

## अनुसूची-२

## (दफा २ को खण्ड (प) सँग सम्बन्धित)


## भवन सम्बन्धी मापदण्ड

स्वास्थ्य संस्था भवनको मापदण्ड देहाय अनुसार हुनु पर्नेछ।

- अधिकतम ग्राउण्ड कभरेज ४० प्रतिशत
- Floor Area ratio (FAR) २. ५
- न्युनतम पार्कींङ स्थल जम्मा जग्गाको २५ प्रतिशत
- भवनको सेडव्याक कम्तिमा ३ मिटर (भवनको चारैतिर)
- लाइट प्लेन ३.५

लाइट प्लान

भवनको उचाई



## अनुसूची-३

### (दफाको उपदफा (१) सँग सम्बन्धित)

### पूर्वाधार स्वीकृतिका लागि मनसाय पत्रका लागि निवेदन फाराम

श्री ....................,

.......................................

निम्नानुसारका प्रस्तावित अस्पतालको सञ्चालन तथा पूर्वाधार स्वीकृतीको मनसाय पत्रकाका लीग देहाय अनुसार कागजातसहित निवेदन फाराम पेश गरेको छु/छौं।

निवेदन फारामः कार्यकारी अधिकृत सञ्चालन समितिको तर्फबाटः

१. अस्पतालको नामः

२. साधारण सेवा विशेषज्ञ सेवा वा अस्पताल के हो उल्लेख गर्ने :

३. अस्पतालको ठेगाना (पत्रचार गर्ने ठेगानाः

पालिकाः वडा नं : टोलः ब्लक नं.:

टेलीफोनः पो.ब.नं.:

४. अस्पताल खोल्ने व्यक्तिहरु (५ प्रतिशत शेयर धारण गर्नेहरुको मात्र):

नामः ठेगानाः नागरिकता नं. :

मोवाइल नं फोन नं.

५. अस्पतालको लागि आवश्यक जग्गा र स्वामित्वः

क. जग्गाको कित्ता, क्षेत्रफल र स्वामित्वको प्रकारः

ख. लीजमा भए कबुलियतनामा पेश गर्नेः

६. अस्पतालका वित्तीय श्रोतः

क. निजी लगानी ख. बैंक कर्जा

ग. सरकारी घ. अनुदान सहयोग

ङ गैह्र सरकारी संस्थाबाट कर्जा लिई सञ्चालन गर्ने भए सो को विवरणः

च. अन्य

वित्तीय लगानी रु............ (स्थीर पुंजी लागत)

क. भवन तथा जग्गाको लागिः रु.

ख. औजार उपरकरणको लागिः रु.

वित्तीय लगानी चालू पुंजी लागत रु..

रोजगार संख्याः

अनुमानित आम्दानिः ......................................

अनुमानित मुनाफाः ................ (मासिक) रू. ............... त्रैमासिक रू. .......... वार्षिक रू. ............

७. देहायको विषयहरु समेत समावेश भएको कार्ययोजनाः

क. स्वीकृत संस्थाबाट प्रदान गरिने सेवाहरुको विवरणः

| निदानात्मक | प्रतिकारात्मक | उपचारात्मक |
|---|---|---|
| एक्से रे | खोप | प्रसूति तथा स्त्री रोग |
| अल्ट्रासाउण्ड | गर्भवती तथा सुत्केरी जांच | जनरल मेडिसिन |
| इन्डोस्कोपी | परिवार नियोजन | जनरल सर्जिकल |
| इ.सी.जी. | | विशेषज्ञ सेवा जस्तैः |
| प्रयोगशाला | | पसुती, मगौला, |
| | | स्नायु, आँखा, |
| | | हाइजीनी मार्नासिक |

ख. संस्थामा प्रयोग हुने आवश्यक उपकरणहरुको विवरण (सलग्न गर्ने)

१. ............................

२. ............................

३. ............................

ग. संसथामा सेवा पुर्‍याउनका लागि आवश्यक पर्ने जनशक्तिको विवरण (संलग्न गर्ने)

(१) विशेषज्ञ :

नाम : पद : योग्यताः पार्टटाइम : फुलटाइम :

(२) प्राविधिक :

नाम : पद : योग्यता : पार्टटाइम : फुलटाइम :

(३) प्रशार्सानक :

नाम : पद : योग्यताः पार्टटाइम फुलटाइम :

नोट : (१) संस्थामा कार्य गर्न प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएका हुनु पर्ने। सम्बन्धित परिषदका प्रमाण पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(२) कर्मचारीहरुका योग्यताका प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्न हुनुपर्ने।

(३) सरकारी कार्यालयमा कार्यरत कर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसारको स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुन पर्ने।

(४) प्राविधिक कर्मचारीहरुले आफै कार्य गर्ने अन्य संस्थाहरुका समेत विवरण खुलाउने

## अनुसूची-४
## (दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

### स्वास्थ्य संस्थामा स्थापना, सेवा विस्तार वा स्तरोन्नतिका लागि अनुमति प्राप्त गर्न दिन निवेदन फाराम

१. संस्थाको नाम :- शैया संख्या :-

२. साधारण सेवा विशेषज्ञ सेवा अस्पतालमा कुन हो उल्लेख गर्नेः-

३. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना) :-

अञ्चलः- वडा :- टोल :-

जिल्ला :- ब्लक नं.:- टेलिफोन नं.:-

४. संस्था खोल्ने व्यक्तिहरु :-

नाम :-

नागरिकता नं.:-

ठेगाना :-

फोन नं. :-

मोबाइल नं. :-

५. संस्थाको वित्तीय स्रोत :-

क. निजी :-

ख. शेयर कर्जा :-

ग. सरकारी :-

घ. गैर सरकारी संस्थाबाट कर्जा लिई सञ्चालन गर्ने भए सो उल्लेख गर्ने :-

वित्तीय लगानी (लागत) रु.

क. भवन तथा जग्गाका लागि :-

औजार र उपकरण :-

जनशक्ति :-

अनुमानित आम्दानी :-

आम्दानी :- स्वदेशी :- विदेशी :-

अञ्चल सम्पत्तिको स्रोतः अनुमानित मुनाफा :-

मासिक :- त्रैमासिक :- वार्षिक :-

६. नर्सिङ होम तथा निजी अस्पतालका वर्गीकरण अनुसार प्रदान गर्ने सेवाहरुको विवरण कुन कुन सेवा पुर्याउने हो ? खुलाउने ।

| | | | |
|---|---|---|---|
| निदानात्मक सेवा | प्रतिकारात्मक सेवा | उपचारात्मक सेवा | अन्य सेवा |
| एक्स-रे | खोप | प्रसूति तथा स्त्रीरोग | एम.सि.एच क्लिनिक परिवार |
| प्याथोलोजी ल्याब | आहार विहार | अमरल मेडिमिन | नियोजन |

जनरल सर्जिकल विशेषज्ञ सेवा जस्ताः इण्डोस्कोपी प्रसुती सेवा, मृगौला रोग, स्नायु, दन्त, ई.सी.सी., ट्रेडमील प्रयोगशाला सर्जिकल सेवा तथा रुजाहर व्यवस्थापन

७. संस्थामा प्रयोग हुने आवश्यक मुख्य उपकरणहरुको विवरण तथा स्रोत

(क)

(ख)

(ग)

८. संस्थामा सेवा पुर्‍याउन कर्मचारीहरुका विवरण सम्बन्धित मापदण्ड अनुसार :-

क) विशेषज्ञ :-

नाम : पद : योग्यताः पार्टटाइम : फुलटाइम :

(ख) प्राविधिक :-

नाम : पद : योग्यताः पार्टटाइम : फुलटाइम :

(ग) प्रशासनिक :-

नाम : पद : योग्यताः पार्टटाइम : फुलटाइम :

**नोट :**

१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भएपश्चात मात्र सेवा सञ्चालन गर्न पाइनेछ ।

२) उपर्युक्त बमोजिम के कति कर्मचारीहरुका संस्थामा संलग्न हुने हो, स्पष्ट उल्लेख हुनु पर्ने ।

३। सबै शुल्क विवरण विस्तृत रुपमा उल्लेख हुनु पर्ने ।

४। संस्थामा कार्य गर्ने प्राविधिक कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएको हुन पर्ने, सम्बन्धित परिषदको प्रमाणपत्र अनिवार्य रुपमा पेश हुनु पर्ने ।

५) कॅर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिका साथै कार्य गर्ने मन्जुरीनामा समेत संलग्गन हुन पर्ने ।

६) नेपाल सरकारमा कार्यरत कर्मचारीहरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ का दफा ५९ अनुसार स्वीकृति पत्र अनिवार्य रुपमा संलग्न हुनपर्ने ।

७) प्राविधिक कर्मचारीहरुले आफै कार्य गर्ने अन्य संस्थाहरुको समेत विवरण खुलाउने । नोट : स्वास्थ्य संस्था सञ्चालनका लागि निवेदन दिदा संलग्न गर्नुपर्ने कागजातहरु

१. निवेदन फाराम

२. कम्पनी दर्ता/संस्था दर्ताको प्रमाणित प्रतिलिपि

३. संस्था कम्पनीको विधान/प्रबन्ध पत्र, नियमावलीको प्रतिलिपि

४. स्थायी लेखा दर्ताप्रमाण पत्रका प्रतिलिपि

५. स्थापना गर्न लागिएका ठाउंमा अस्पताल आवश्यक छ भन्ने सम्बन्धित वडाको सिफारिस पत्र

६ अस्पतालमा काम गर्ने जनशक्ति सम्बन्धी

(क) बायोडाटा

(ख) शैक्षिक योग्यता, तालिमका प्रमाणित प्रतिलिपि २०७३

(ग) प्राविधिक कर्मचारीहरुले सम्बन्धित काउन्सिलका दर्ता प्रमाण पत्रका प्रतिलिपि

घ) नागरिकता प्रमाणपत्रका प्रतिलिपि

(ङ) जनशक्तिहरुका काम गर्ने समय (पाट टाईम फुल टाईम किटान गर्नु पर्नेछ।

(च) मन्जुरीनामा कबुलियतनामा

७. औजार उपकरणका विवरण तथा स्रोत

८. सम्पूर्ण सेवा शुल्क विवरण

९. भौतिक सामाग्रीको विवरण

१०. प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) स्वीकृत पत्रका प्रतिलिपि

११ अस्पतालको विस्तृत सर्भेक्षण सहितको प्रस्ताव

१२. अस्पतालको आर्थिक नियमावली

१३. अस्पतालले लिने सेवा शुल्क विवरण र गरीब तना असहायलाई छुट दिने नीति

१४. प्रदान गरिने सेवाका विवरण

१५. जग्गा घरका स्वामित्व.

१६. घर काठा बहालमा लिई सञ्चालन गर्ने भए घर बहाल सम्झौता पत्र र भवन स्वास्थ्य संस्था सञ्चालन गर्न राष्ट्रिय भवन संहिता बमोजिम उपयुक्त छ भन्ने सम्बन्धि सिफारिस पत्र

१७. भवनका स्वीकृत नक्सा

१८. संस्थाका चल अचल सम्पत्ति विवरण तथा वित्तीय स्रोत

१९. संस्थाका कार्य योजना (Scheme)

२०. एक मा दर्ता नम्बर :

२१. कर चुक्ता प्रमाण पत्र। लागु हुने अवस्थामा मात्रै।

२२. लेखापरीक्षण प्रतिवेदन लागु हुने अवस्थामा मात्रै)

२३. बिरामी वडापत्रका नमुना

२४. सम्बन्धित निकायका भवन संहिता सम्बन्धी स्वीकृति पत्र

२५. रु. ५ को हुलाक टिकट

२६. मूल्य अभिवृद्धि कर वा आयकरमा दर्ता भएको प्रमाणपत्र

२७. भवन निर्माण सम्पन्न प्रमाण, पत्र

२८. सम्बन्धित निकायबाट भवनका नक्सा डिजाइन र निर्माण राष्ट्रिय भवन संहिताका मापदण्ड बमोजिम भएका स्वीकृति पत्र ।

**अनुसूची-५**

**(दफा ५ को उपदफा १ सँग सम्बन्धित)**

**स्वास्थ्य क्लिनिक रेडियो इंमेजिङ सेवा पोलिक्लिनिक सञ्चालन अनुमति माग गर्ने निवेदन फाराम**

१ संस्थाको नाम :-

२. संस्थाको ठेगाना (पत्राचार गर्ने ठेगाना):-

अञ्चल:- जिल्ला :- पालिका :

वार्ड न.: टेलिफोन नं.: पो.ब.नं.:

३. संस्था खोल्ने व्यक्तिहरु :-

नाम :- नागरिकता नं.:

ठेगाना :- फोन नं.:

४. संस्थाका वित्तीय स्रोत :-

क. निजी :- ख. गैर सरकारी :- ग. वैदेशिक :-

घ. शेयर कर्जा :- ङ. सामुदायिक :- च. अन्य :-

५. संस्थथाका क्षमता तथा विस्तृत कार्य योजना :-

सेवा प्रदान गर्ने क्षेत्रहरु :

निदानात्मक सेवा प्रतिकारात्मक सेवा उपचारात्मक सेवा

एक्स-रे खोप प्रसूति तथा स्त्रीरोग अल्ट्रासाउण्ड

प्याथोलोजी ल्याब एम.सि.एच जनरल मेडिसिन

परिवार नियोजन सेवा जनरल सर्जिकल विशेषज्ञ सेवा जस्ता :-

इण्डोस्कोपी आँखा, नाक, मुटु, मृगौला, स्नायुरोग ईत्यादि

ई.सी.सी., ट्रेडमील प्रयोगशाला

अन्य सेवा : फार्मेसी

६. (सेवा शुल्क अलग र स्पष्टसँग) खुलाउन :-

७. संस्थामा सेचा हुन आवश्यक उपकरणहरुका विवरण तथा स्रोत :-

८. संस्सथामा सेवा पुर्याउन जनशक्ति विवरण :-

संख्या/योग्यता/अनुभव/पार्टटाईम फुलटाईम अन्य सुविधा

सामान्य चिकित्सक विशेषज्ञ चिकित्सक : अन्य प्राविधिक

नोट :

१) सम्बन्धित सेवा अनुसार निर्धारित मापदण्डहरु र पूर्वाधारहरु पूरा भए पश्चात मात्र सेवा सञ्चालन गर्न पाईनेछ ।

२) उपर्युक्त बमोजिम के कति कर्मचारीहरुका संस्थामा संलग्न हुनु हो, स्पष्ट उल्लेख हुनु पर्ने ।

३) संस्थामा कार्य गर्ने कर्मचारीहरु सम्बन्धित परिषदमा दर्ता भएका हुनुपर्ने, सर्वान्धित परिषदका प्रमाणपत्रहरु अनिवार्य रुपमापेश गर्नु पर्नेछ ।

४) कर्मचारीहरुको योग्यताको प्रमाणित प्रतिलिपिहरु संलग्न हुन पर्नेछ ।

५) नेपाल सरकारमा कार्यरत कर्मचारीहिरु संलग्न हुने भएमा नेपाल स्वास्थ्य सेवा ऐन २०५३ को दफा ५९ अनुसार स्वीकृति पत्र अनिवार्य रुपमासंलग्न हुनपर्ने ।

## अनुसूची-६
### (दफा ८ र ९ को उपदफा (२) सँग सम्बन्धित)
### स्वास्थ्य संस्था स्थापना तथा नविवकरण अनुमति दस्तुर

| सि.नं | संस्थाका किसिम | शुल्क निर्धारण इकाई | स्थापनाका लागि दस्तुर रकम रु | नवीकरणका लागि दस्तुर रकम |
|---|---|---|---|---|
| १. | अस्पताल तथा नर्सिङ होम | शैया संख्या | आथिक ऐन बमोजिम | आथिक ऐन बमोजिम |
| २. | डाइग्नोस्टिक सेन्टर | सेवा प्रकार | आथिक ऐन बमोजिम | आथिक ऐन बमोजिम |
| ३. | पोलिक्लिनिक क्लिनिक | सेवा प्रकार | आथिक ऐन बमोजिम | आथिक ऐन बमोजिम |
| ४. | आयुर्वेद अस्पतालको बैकल्पिक चिकित्सा | शैया संख्या | आथिक ऐन बमोजिम | आथिक ऐन बमोजिम |
| ५. | आयुर्वेद क्लिनिक | सेवा प्रकार | आथिक ऐन बमोजिम | आथिक ऐन बमोजिम |

## अनुसूची-७
### (दफा १५ उपदफा (१) को बुँदा (ट) सँग सम्बन्धित)
### स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको बिरामी वडापत्रको ढाँचा

| सि.नं. | शाखा | प्रदान गरिने सेवाको विवरण | प्रक्रिया | दस्तुर | लाग्ने समय | सम्पर्क व्यक्ति | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आज्ञाले,
लोकेन्द्र बहादुर राई
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणीकरण मितिः २०८२/१०/०२